# शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयको

## सूचना

**प्रथम पटक प्रकाशित मिति- २०७८/०९/२३ गते ।**

प्रदेश सरकार शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेश पोखराको आ.व. २०७८/०७९ को संघीय सशर्त अनुदान कार्यक्रम तर्फको राष्ट्रपति महिला सशक्तीकरण परियोजना अन्तर्गत महिला उद्यमी तथा महिला उद्यमी समूहलाई टेवा, पूँजि र प्रविधि सहयोग उपलब्ध गराउने कार्यक्रम रहेको छ । **महिला उद्यमशीलता विकास, वित्तिय पूँजि र प्रविधि सहयोग कार्यक्रम संचालन कार्यविधि, २०७७** को अधिनमा रही इच्छुक महिला उद्यमी र महिला उद्यमीहरुको समूहले यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिन भित्र देहायका कागजातहरु सहित निवेदन दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । उक्त कार्यविधि सम्बन्धी विस्तृत जानकारीका लागि मन्त्रालयको वेवसाइट: **mosd.gandaki.gov.np** मा हेर्न सकिने व्यहोरा समेत अनुरोध छ ।

**महिला उद्यमी र महिला उद्यमी समूहले निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र
२. जिल्लास्थित सामाजिक विकास कार्यालयको सिफारिस पत्र
३. उद्योग व्यवसाय दर्ता र नविकरणको प्रमाणपत्र,
४. स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्ध कर दर्ताको प्रमाणपत्र,
५. कर दाखिला गरेको प्रमाण वा कर चुक्ताको प्रमाणपत्र,
६. आवश्यकता अनुसार व्यावसायिक इजाजत-पत्र,
७. व्यावसायिक योजना,
८. माग गरेको प्रविधि र सो प्रविधिको क्षमता